भाग १

गृहविभागको विज्ञप्ति

गृ. फु. ६९२ मिति २०१२।१२५।१

६० वर्ष पुगे तापनि शारीक तन्दुरुस्ती एवं अनुभवका हिसाबले सरकारलाई पूरा काम दिन सक्ने कर्मचारीहरुलाई नोकरीबाट अलग हुन नपर्ने हो, जन्मभर सरकारको निमकको सोको गरी नोकरी गरी आएका हामीहरुलाई आर्थिक दृष्टिबाट पनि धेरै नै मर्का परेको छ भन्ने श्री ५ महाराजाधिराजका जुनाफमा निवेदनपत्रहरु परेको जाहेर हुँदा २००८।८।१६ को भाग १, खण्ड १, संख्या १२ को गजेटमा सरकारी कर्मचारीहरुको ६० वर्षको हद उमेर ठहराई प्रकाशित भए तापनि अनुभवी कर्मचारीहरुको अभाव भएको र हाम्रो मुलुकको आवहवा, निजहरुको स्वास्थ्य र अनुभवको विचारगर्दा पनि ६० वर्ष नाघेका मानिसहरुले पनि काम दिन सक्ने नै देखिएको हुनाले उमेरको हदले यस पाखा नोकरीबाट अलग हुनपर्ने निजामती कर्मचारीहरु सबैलाई २०१२ साल चैत्र मसान्तसम्मलाई एक वर्षको म्याद थप दिने भन्ने निर्णय भई आदेश भै आएकोले सूचनार्थ यो विज्ञप्ति प्रकाशित गरिएको छ।

आज्ञाले—
मानबहादुर
का. मु. सेक्रेटरी—गृहविभाग.

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ३

२२–१–०१२

शिक्षाविभाग—अन्तर्गत आधार शिक्षक शिक्षण केन्द्रलाई एक मास्टर चाहिएको छ। योग्य उमेदवारहरुले प. स. क. दरखास्त फारम नं. १ (२०१०) मा भरी २०१२ साल आषाढ २३ गते रोज ५ सम्मम तबको ठेगानामा पुग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी दरखास्त दिनुहोला। दरखास्त फाराम को नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वाराहरूमा पनि पाइनेछ। दरखास्तसाथ दस्तुर पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छ :—

१. पद :— मास्टर, स्थायी तथा पेन्शन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता :— आई. ए. पास र आधार शिक्षाको तालिम पाएको ।
३. विशेष योग्यता :— लेदर क्याफ्टको कामबारेमा जान्ने ।
४. मासिक बेतन स्केल :— रु. ६. १२५। — २१०।
५. मासिक भत्ता :— महँगी भत्ता रु. . १५ ।
६. अभ्यास (प्रोवेशन) अवधि :— ६ महिना ।
७. काम :— पढाउने काम सिकाउने (शिक्षक तालीम) ।

आज्ञाले—
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ